भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुर्सेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/१२/१९ गते बसेको

## आ.व.२०८२/०८३ दशौं बैठकमा छलफलका ऐजेण्डा/प्रस्तावहरुः

**प्रस्ताव/एजेण्डाहरुः-**

१. आ.व.२०८२/०८३ को नगरकार्यपालिकाको नवौं बैठकको समीक्षा सम्बन्धमा ।

२. कृषि हाट बजार सञ्चालन समितिलाई कोठा उपलब्ध गराउने सम्बन्धमा ।

३. अमेरिका भ्रमण सम्बन्धमा ।

४. दोस्रो राष्ट्रिय मौलिक कौरा सम्मेलन, २०८३ सम्बन्धमा ।

५. बाटो सरसफाई सम्बन्धमा ।

६. भानु नगरपालिका वडा नं. ४ र ८ जोड्ने आँपि रहमा मनोहर मा.वि.मा अध्ययनरत विधार्थीका लागि काठेपुल निर्माण सम्बन्धमा ।

७. विविध विषय सम्बन्धमा ।

आनन्द राज त्रिपाठी
प्रमुख

आज मिति २०८२ साल चैत्र १७ गते मंगलबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०८२/०८३ को दशौं बैठक नगर प्रमुख श्री आनन्दराज त्रिपाठी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितिः

१. श्री आनन्द राज त्रिपाठी (नगर प्रमुख)
२. श्री उमा गोतामे (उप प्रमुख)
३. श्री कान्छीमाय्रा तामाङ (वडाध्यक्ष १ नं.वडा)
४. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)
५. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)
६. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)
७. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)
८. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)
९. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा)
१०. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)
११. श्री कृष्णराज धमनीय (का.वा. वडाध्यक्ष ९ नं.वडा)
१२. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)
१३. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)
१४. श्री वेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)
१५. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)
१६. श्री विन्दा रानाभाट (का.पा. सदस्य)
१७. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)
१८. श्री प्रविना थापा मगर (का.पा. सदस्य
१९. श्री रविन भुजेल (का.पा. सदस्य)
२०. श्री राजु सुर्खाली (का.पा. सदस्य)
२१. श्री सावित्री सुनार (का.पा. सदस्य)
२२. श्री सकिना खातुन (का.पा. सदस्य)
२३. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)
२४. श्री सुरज श्रेष्ठ प्रमुख प्रशासकीय अधिकृत (सदस्य-सचिव)

अन्य उपस्थितिः

२५. श्री सुनिल पाण्डे (वरिष्ठ प्रशासकीय अधिकृत)
२६. श्री राजिव घिमिरे (सूचना प्रविधि अधिकृत)
२७. श्री अमित लामा (३ नं. वडा सदस्य)
२८. सुदिप के.सी. (वडा सदस्य भानु-१२)

## भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/१२/१९ गते बसेको आ.व.२०८२/०८३ दशौ बैठक

प्रस्ताव/एजेण्डाहरु:-

१. आ.व.२०८२/०८३ को नगरकार्यपालिकाको नवौं बैठकको समीक्षा सम्बन्धमा ।
२. कृषि हाट बजार सञ्चालन समितिलाई कोठा उपलब्ध गराउने सम्बन्धमा ।
३. अमेरिका भ्रमण सम्बन्धमा ।
४. दोस्रो राष्ट्रिय मौलिक कौरा सम्मेलन, २०८३ सम्बन्धमा ।
५. बाटो सरसफाई सम्बन्धमा ।
६. भानु नगरपालिका वडा नं. ४ र ८ जोड्ने आँपि रहमा मनोहर मा.वि.मा अध्ययनरत विधार्थीका लागि काठेपुल निर्माण सम्बन्धमा ।
७. विविध विषय सम्बन्धमा ।

निर्णय नं.१ भानु नगरकार्यपालिकाको आ.व. २०८२/०८३ को नवौं कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो ।

निर्णय नं.२ भानु नगरपालिकाको वडा नं.१ साजबोटे स्थित कृषि भवनमा कृषि हाट बजार सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनका निमित भानु साजबोटे हाट बजार समितिको सचिवालय सञ्चालन गर्न १ वटा कोठा तथा हाट बजार लाग्ने दिनका लागि अन्य कोठाहरु निःशुल्क उपलब्ध गराउने साथै उक्त हाटबजार सञ्चालनका लागि कृषि विकास शाखाले आवश्यक व्यवस्थापकीय र प्राविधिक सहयोग तथा सहजीकरण गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं.३ संयुक्त राज्य अमेरिकामा 5-7th 2026 मा आयोजना हुने ११ औं बहुसरोकारवाला फोरमद्वारा ११ औं विज्ञान, प्रविधि र नवप्रवर्तन लगायतका विविध विषयमा हुने अन्तर्क्रिया कार्यक्रममा भानु नगरपालिकाका प्रमुख श्री आनन्द राज त्रिपाठी ज्यू सहभागी हुने व्यहोरा जानकारी भयो ।

निर्णय नं. ४ दोस्रो राष्ट्रिय कौरा दिवशका लागि रु.३०,०००। (अक्षेरुपी तीस हजार मात्र) कार्यक्रम सञ्चालनको लागि प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.५ आर्थिक वर्ष २०८२/८३ को वर्षाका कारण नगर क्षेत्रभित्रका विभिन्न स्थानका बाटो सरसफाइ गरी नागरिकहरुको आवागमनलाई सहज र सरल एंव प्रभावकारी टोल-वस्ती र वडाका मूख्य केन्द्रहरुमा असहज र वर्षाले क्षतिग्रस्त मौटर मार्गहरुको नगरको व्याक हो लोडर आलोपालो प्रयोग गरि स्तरोन्नर्ती गर्ने निर्णय गरियो ।साथै उक्त कार्यका लागि विपदको शीर्षक रकमबाट इन्धन उपलब्ध गराइ कार्य अगाडी बढाउने समेत निर्णय गरियो ।

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

**निर्णय नं.६** भानु नगरपालिका वडा नं. ४ र ८ जोड्ने आँपि रहमा मनोहर मा.वि.मा अध्ययनरत विधार्थीका लागि काठेपुल निर्माणको लागि रु.२०,०००। (अक्षेरुपी बीस हजार मात्र) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७** भानु नगरपालिका वडा नं. ३ स्थित खहरे फ्रेन्डसिप युवा क्लबले लमजुङ जिल्लाको पर्यटकीय सुखी गाउँ घलेगाउँमा सञ्चालन भएको सातौं संस्करणको विजेता तथा गत वर्षको उपविजेता समेत रहेको र नयाँ वर्ष २०८३ वैशाख १ देखि सञ्चालन हुन गइरहेको नवौं स्मार्ट भिलेज गोल्ड कप प्रतियोगितामा सहभागीता जनाउनका लागि रु.१,५०,०००।. (अक्षेरुपी एक लाख पचास हजार मात्र) विविध खेलकुद कार्यक्रम शीर्षकबाट प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.८** भानु नगरपालिका वडा नं.२ को प्रशासनिक भवन निर्माण गर्न मिति २०८२/०९/२५ मा ठेक्का आह्वान गरिएकोमा प्राविधिक कारणले भवनको Drawing/design समेत परिवर्तन गर्नुपर्ने भएको हुदाँ परिवर्तन भएको DPR स्वीकृत गरी DPR बमोजिमको ठेक्का आह्वान गर्ने र मिति २०८२/०९/२५ मा आह्वान भएको ठेक्का रद्द गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** प्रदेश वित्त ऐन २०७५ बमोजिम विषेश र समपुरक अनुदान अन्तर्गत "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत (दोस्रो संशोधन) कार्यविधि २०८१" को अनुसूची-३ बमोजिमको ढाँचामा आर्थिक वर्ष २०८३/०८४ को तपसिल बमोजिमका आयोजना तथा कार्यक्रम प्राथमिकताको आधारमा प्रस्ताव गरी गण्डकी प्रदेश नीति तथा योजना आयोग पोखरामा प्रस्ताव सहित पेश गर्ने निर्णय गरियो।

तपसिलः

| विशेष अनुदानका लागि छनौट गरिएका योजना आ.व.२०८३/०८४ का लागि | | | | |
|---|---|---|---|---|
| क्र.सं. | वडा | योजनाको नाम | बजेट | कैफियत |
| १. | १ | भिमसेन थुम्की कालिका मन्दिर पर्यटन पार्क | ४० लाख | |
| २. | ३ | दोरदोर कोटकालिका पर्यटन पार्क | ४० लाख | |
| ३. | १ | भन्सार खानेपानी | ४० लाख | |
| समपूरक अनुदानका लागि छनौट गरिएका योजना आ.व.२०८३/०८४ का लागि | | | | |
| १. | १ | भन्सार रिङरोड चक्रपथ मोटर मार्ग | १ करोड ५० लाख | |
| २. | ६ | अमरसिंह मोटर मार्ग | १ करोड ५० लाख | |
| ३. | १२ | भि.सी. शेरबहादुर मोटर मार्ग | १ करोड ५० लाख | |

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुरन्दर, तनहुँ
गण्डकी प्रदेश, नेपाल

निर्णय नं. १० विविध विषयका सम्बन्धमाः

क) जैविक विविधता संरक्षण समितिले च.नं.०१, मिति २०८२/१२/०६ गतेको पत्रानुसार लि-वर्ड पोखरा मार्फत (DI-NPP) नेपाल परागसेचन प्रोजेक्ट अन्तर्गत मौरीपालन कार्यक्रम भानु ८ र ९ का सामुदायिक वन उपभोक्तामा कार्यक्रम सञ्चालन रहेतापनि भानु नगरपालिकाका सम्पूर्ण वडाहरुमा सञ्चालन गर्नका लागि अनुमती माग गरेको हुदाँ भानु नगरपालिकामा उक्त कार्यक्रम सञ्चालनको अनुमती प्रदान गर्ने निर्णय गरियो ।

ख) भानु नगरपालिका वडा नं. ४ निवासी चिनकाजी बसेलको श्रीमती मिना बसेल (ना.प्र.नं. ४३१०१९/१३३८) को आर्थिक अवस्था ज्यादै कमजोर भएको र निजको घर अत्यन्तै जिर्ण भएकोले घरको छाना छाउन टिन/जस्ता उपलब्ध गराउनको लागि रु.१५,०००।(अक्षेरुपी पन्ध्र हजार मात्र) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

ग) भानु नगरपालिका वडा नं. १२ का अर्चल महिला समूहले आफ्ना सदस्यहरुलाई साबुन, फिनेल, सर्फ, हर्पिक लगायतका सामग्री उत्पादनको लागि तालिम सञ्चालन गर्न आर्थिक सहायता माग गरेको हुदाँ उक्त समूहलाई रु.३०,०००।(अक्षेरुपी तीस हजार मात्र) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

घ) भानु नगरपालिका वा नं.५ अन्तर्गत नागनागिनी शाखा सडक वर्षाको कारण सञ्चालन गर्न कठिनाइ भएको हुदाँ वडा प्राविधिकको स्टिमेटको आधारमा नगरपालिकाको ब्याक हो लोडर उपलब्ध गराउने निर्णय गरियो ।

ङ) भानु नगरपालिका वडा नं. १२ निवासी मन बहादुर विश्वकर्मालाई नशा सम्बन्धी रोग लागि उपचार गराउनको लागि निजको आर्थिक अवस्था ज्यादै कमजोर भएको हुदाँ उपचार वापत रु.१५,०००।(अक्षेरुपी पन्ध्र हजार मात्र) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

च) भानु नगरपालिका वडा नं. १२ निवासी गम बहादुर राना मगरको छोरा (ना.प्र.नं. ६२९) लाई क्यान्सर सम्बन्धी रोगको उपचार गराइरहेको र निजको आर्थिक अवस्था ज्यादै कमजोर भएको हुदाँ उपचार वापत रु.१५,०००।(अक्षेरुपी पन्ध्र हजार मात्र) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

छ) भानु नगरपालिका वडा नं. १३ अन्तर्गत सुल्तान मिया, राम बहादुर खत्री समेत ६ जना उपभोक्ताहरु रहेको साविक समजुर छाप नक्सा नं. ६/ख अन्तर्गतको कटुवा खेत बाँध कुलो विगतका वर्षहरुदेखि क्षति भई पुन निर्माण हुन नसकेकोले पुन निर्माणका लागि प्राविधिक लागत स्टिमेट सहित जिल्ला जलस्रोत तथा सिचाइ कार्यालय/प्रदेश सिचाइ मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।साथै नगरकृषि शाखालाई आवश्यक समन्वय र सहजिकरणको लागि निर्देशन दिने निर्णय गरियो ।

ज) भानु नगरपालिका वडा नं. ९ स्थित बाइसजागर खानेपानीको काम अधुरो रहेको हुदाँ ६३ एम.एम. को ७०० मिटर खानेपानी पाइप उपलब्ध गराउनको लागि जलस्रोत तथा सिचाई डिबिजन



सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमु

कार्यालय तनहुँलाई अनुरोध गर्ने तथा जलस्रोत तथा सिचाई डिभिजन कार्यालयबाट उपलब्ध नभएको खण्डमा कृषि विकास शाखाले आवश्यक अनुगमन गरी पाइप मागको लागि प्रदेश एवं संघीय कार्यालयमा माग गर्ने निर्णय गरियो ।

झ) भानु नगरपालिका वडा नं. ८ निवासी प्रदिप सिं रानालाई तोरी खेतीको लागि सिचाइ गर्न २० एम.एम. को ६०० मिटर खानेपानी पाइप उपलब्ध गराउनको लागि जलस्रोत तथा सिचाई डिभिजन कार्यालय तनहुँलाई अनुरोध गर्ने तथा जलस्रोत तथा सिचाई डिभिजन कार्यालयबाट उपलब्ध नभएको खण्डमा कृषि विकास शाखाले आवश्यक अनुगमन गरी वितरण गर्ने निर्णय गरियो ।

ञ) भानु नगरपालिका वडा नं. ७ निवासी बलराम भुजेल घर्ती (ना.प्र.नं. ६२२२) को मिति२०८२/११/०५ गतेको आकस्मिक डढेलोले खानेपानी पाइप करिक २५० मिटर पूर्ण रुपमा क्षती भएको र निजको आर्थिक अवस्था ज्यादै कमजोर भएको हुदाँ निजलाई २० एम.एम. को एक क्वाइल पोलिथिन पाइप उपलब्ध गराउने निर्णय गरियो ।

ट) भानु नगरपालिका वडा नं. १ निवासी पूर्ण बहादुर विश्वकर्माको आर्थिक अवस्था ज्यादै कमजोर भएको र निजको घर अत्यन्तै जिर्ण भएकोले घर निर्माणको लागि रु.१५,०००।(अक्षेरुपी पन्ध्र हजार मात्र) आर्थिक सहायतता प्रदान गर्ने निर्णय गरियो ।

ठ) भानु नगरपालिका वा नं.११ अन्तर्गत रुपाकोट स्थित रुपाकोट पन्चायन कालिका मार्ग हुदैं घलेगाउँ सम्मको कोटर बाटोको सरसफाइ गउनका लागि वडा प्राविधिकको स्टिमेटको आधारमा नगरपालिकाको ब्याक हो लोडर उपलब्ध गराउने निर्णय गरियो ।

ड) भानु नगरपालिका वडा नं.४ को आ.व.२०८२/८३ मा कोकाले खोल्सी कजवे शीर्षक हुनु पर्नेमा चिसापानी साउने खोला कजवेमा रु.५००००० (अक्षेरुपी पाँच लाख) विनियोजन भएको हुदाँ उक्त बजेट कोकाले खोल्सी कजवे शीर्षकमा नै खर्च गर्ने निर्णय गरियो ।

ढ) भानु नगरपालिका वडा नं.१ को आ.व.२०८२/८३ मा पूँजीगत शीर्षकबाट पूँजीगत शीर्षकमा नै विपद व्यवस्थापन शीर्षकमा रु.१,००,०००। (अक्षेरुपी एक लाख मात्र) भएको बजेट तल्लो बाघमारे खानेपानी मर्मत शीर्षकमा रु.१,००,०००। (अक्षेरुपी एक लाख मात्र) भुक्तानी दिने । थुसेन छयो ग्यालिङ गुम्बा सातविसे शीर्षकमा रु.१,५०,०००। (अक्षेरुपी एक लाख पचास हजार मात्र) भएको बजेट सुर्कौरेखोला ब्राहमण क्षेत्री समाज शीर्षकमा रु.१,५०,०००। (अक्षेरुपी एक लाख पचास हजार मात्र) भुक्तानी दिने निर्णय गरियो ।

ण) भानु नगरपालिका क्षेत्र भित्रको नदिजन्य पदार्थ उत्खनन गर्न JCV/अन्य मेसिन को प्रयोग गर्ने सम्बन्धी आवश्यक कार्यविधि वा निर्देशिका तयार पारी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

त) भानु नगरपालिकालाई निःशुल्क जग्गा दिने जग्गादाताहरु श्री कृष्ण कुमार श्रेष्ठले क्षेत्रफल ०-९-०-० (९ आना) र श्री कमली कान्त भट्टराईले क्षेत्रफल ०-४-१-२ (४ आना एक पैसा दुई दाम) निःशुल्क जग्गा उपलब्ध गराएको हुदाँ जग्गादाताहरु श्री कृष्ण कुमार श्रेष्ठ र श्री कमली कान्त



सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

भट्टराईलाई धन्यवाद प्रदान गर्ने र उल्लेखित जग्गाका कित्ताहरु भानु नगरपालिकाको नाउँमा जग्गाधनी दर्ता प्रमाण पूर्जा कायम गरिएको जानकारीका साथ आवश्यक प्रक्रियाको लागि शहरी विकास तथा भवन निर्माण कार्यालय, कास्की पोखरालाई पत्राचार गर्ने निर्णय गरियो ।

थ) भानु नगरपालिका वडा नं. ३ मा नवनिर्मित स्वास्थ्य चौकी भवनको लागि आवश्यक खानेपानी ट्याङ्की रख्ने फलामे स्टयाण्ड निर्माणको लागि रु.२५,०००। (अक्षेरुपी पच्चीस हजार मात्र) भानु ३ स्वास्थ्य विविध कार्यक्रम शीर्षकबाट आवश्यक विल भरपाइको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

द) भानु नगरपालिका भित्रका तपसिल बमोजिममा रहेका वडाहरुमा विभिन्न प्रकृतीका रुखहरु कटान गरी हटाउनका लागि डिभिजन वन कार्यालयसँग समन्वय तथा आवश्यक प्रकृया अविलम्ब अगाडी बढाउने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | वडा नं. | रुखको प्रकृती | कैफियत |
|---|---|---|---|
| १. | ६ | ढलेको बगैचाको ३ ओटा आँपको र चाँपको रुख कटान गर्ने । | |
| २. | ५ | बरबरे खेलकुद मैदान नजिक रहेको पुरानो बुढो बर र पिपलको रुख कटान गर्ने । | |

ध) भानु नगरपालिका वडा नं. १० को आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणको लागि संघीय ससर्त तर्फ रु.३८,००,०००।-(अक्षेरुपी अठ्तीस लाख मात्र) विनियोजन भएकोमा भानु नगरपालिकाको आन्तरिक स्रोतबाट रु.१७,००,०००।- (अक्षेरुपी सत्र लाख मात्र) व्यहोर्ने गरी जम्मा रु.५५,००,०००। (अक्षेरुपी पचपन्न लाख मात्र) को आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणको लागि ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख